# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः६) पञ्चकन्या, माघ महिना ०९ गते, २०७९ साल (संख्याः ५**

**भाग–२**

**घ्याङस्वाँरा शहिद स्मारक पर्यटकीय पार्क तथा खेलमैदान सञ्चालन कार्यविधि, २०७९**

**प्रस्तावना :**

यस पञ्चकन्या गाउँपालिका वडा नं. ४ घ्याङस्वरा रहेको पर्यटकीय सम्पदाहरुको विकास, विस्तार, संरक्षण, प्रवर्धन गरी सामाजिक, सांस्कृतिक, आर्थिक, संस्थागत, वातावरणीय र सूचना प्रविधि सहितको दीगो पर्यटकीय विकास गर्न वाञ्छनीय भएकाले, यस गाउँपालिकाको प्रशासकीय कार्यवीधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ७ को (४) अधिकार प्रयोग गरी पञ्चकन्या गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

# परिच्छेद १

**प्रारम्भिक**

१. सक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **“घ्याङस्वाँरा शहीद स्मारक पर्यटकीय पार्क तथा खेलमैदान सञ्चालन कार्यविधी २०७९**” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “समिति” भन्नाले दफा ,र बमोजिम गठन भएको कार्यकारी समितिलाई सम्झनु पर्छ ।

(ख) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग) “पर्यटक” भन्नाले स्वदेशी तथा विदेशी मुलुकबाट भ्रमणका लागि घ्याङस्वरा पर्यटकीय क्षेत्र भित्र आउने नेपाली तथा गैर नेपाली नागरिकलाई सम्झनु पर्छ ।

ङ)“पर्यटन व्यवसाय” भन्नाले पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय,पर्यटकहरूका निमित्त राष्ट्रिय वा अन्तराष्ट्रिय परिवहनका सेवा तथा सुविधा पुऱ्याउने कारोबार, पर्यटकहरूलाई नेपाल भित्र वा नेपाल बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, शहरी वा ग्रामिण क्षेत्रमा गर्ने भ्रमणको व्यवस्था, होटल, साँस्कृतिक पार्क, लज रेष्टुरेन्ट सेवा, दृर्श्यावलोकन, पथ प्रर्दशन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, धार्मिक, सांस्कृतिक, खेलकुद, शैक्षिक, स्वास्थ्य, कृषि तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुऱ्याउने र सो वापत स्वदेशी तथा विदेशी मुद्रा आयआर्जन गर्ने प्रकृतिका कारोबार, पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू विक्री गर्ने कारोवार, पर्यटकहरूलाई आर्कषित गर्नका निमित्त पूर्ण वा आंशिकरूपमा साहित्य कला, संस्कतिको प्रस्तुति वा अन्य कुनै प्रर्दशनी, आयोजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय मेला, प्रचार, प्रसार अभियान संचालन गर्ने कार्यलाई समेत सम्झनुपर्छ ।

(च) “गाउँ” वा “गाउँपालिका” भन्नाले पञ्चकन्या गाउँपालिका सम्झनुपर्छ ।

(छ) “कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

ज) प्रस्ताव पत्र भन्नाले पञ्चकन्या गाउँपालिकाले जारी गरेका **घ्याङस्वाँरा शहीद स्मारक पर्यटकीय पार्क तथा खेलमैदान सञ्चालन कार्य विधी** ”को लागि तोकियको फर्मेटमा तयार गरि निवेदनका साथमा पेश गरिएको कागजातहरु लाई बुझ्नु पर्छ ।

(झ) “सभा” भन्नाले गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(क) ‘‘खेलकुद’’ भन्नाले शाररीक तथा मानसिक प्रयास र सीपको माध्यामबाट व्यक्तिगत वा समुहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रहि नतिजामुखि उपलब्धी हासिल गर्ने राष्ट्यि क्रियाकलापमा सक्रिय रहने कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित व्यावसायिक, पर्यटकीय,साहसिक तथा परम्परागत खेलहरुलाई समेत जनाउंछ ।

(ञ) ‘‘स्थानीय तह’’ भन्नाले  गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ट) ‘‘राष्ट्यिस्तरका खेलाडी’’ भन्नाले परिषदले आयोजना गरेको राष्ट्यि खेलकुद प्रतियोगितामा भाग लिएका यस नेपाली खेलाडी सम्झनु पर्छ ।

(ठ) ‘‘खेलाडी’’ भन्नाले यस राष्ट्र भित्र विभिन्न खेलकुद समितिमा आवध्दता भएका स्थानीय , जिल्ला,प्रदेश, राष्ट्यि वा अन्तराष्ट्यिस्तरको सरकारी निकायले संचालन गरेको प्रतियोतिामा सहभागी भएको खेलाडीलाई सम्झनु पर्छ ।

(ट) “कार्यविधि” भन्नाले यस पञ्चकन्या गाउँपालिकाले जारी गरेका ‘‘**घ्याङस्वाँरा शहीद  स्मारक पर्यटकीय पार्क तथा  खेलमैदान  सञ्चालन कार्यविधी २०७९** ” लाई सम्झनु पर्दछ ।

# परिच्छेद २

**३. घ्याङस्वाँरा शहीद  स्मारक  पर्यटकीय पार्क तथा खेलमैदान  संचालनको उदेश्यहरु :**

घ्याङस्वरा पर्यटकीय पार्क संचालनको देहाय बमोजिमको उदेश्यहरु छन ।

क) यस गाउँपालिकामा रहेको पर्यटकीय स्तरको प्रचारप्रसार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पुप्याई पर्यटन प्रवद्गन तथा खेलकुद  क्षेत्रको विकास  गर्ने,

ख) पर्यटनबाट स्थानीयतहको आर्यआर्जनमा  बृद्वी गर्ने,

ग)  घ्याङस्वरा पर्यटकीय क्षेत्र एंव खेलमैदानतर्फ भित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय स्रोत सम्पदाको पहिचान गरी तिनको उचित संरक्षण र सर्म्बद्धन गर्दै पर्यटनको विकास गर्ने ।

(घ) घ्याङस्वरा पर्यटकीय क्षेत्र एंव खेलमैदानतर्फ एक आकर्षक पर्यटन स्थलका रूपमा विकास गर्न पर्यटकीय वस्तुहरुहरुको विविधीकरण गरी पर्यटन बजारमा ब्राण्डिङ्ग गराउने ।

(ङ) घ्याङस्वरा पर्यटकीय क्षेत्र र खेलमैदान भित्रको मौलिक ब्राण्डको पर्यटन व्यवसायको विकास, विस्तार र प्रर्वद्धनद्वारा स्थानीय उत्पादन उपयोग तथा आय तथा रोजगारीका अवसरहरूको सृजना गर्ने ।

(च) घ्याङस्वरा पर्यटकीय क्षेत्र तथा खेलमैदानलाई सुरक्षित, भरपर्दो तथा गुणात्मक पर्यटन स्थलका रूपमा विकसित गरी पर्यटन व्यवसायलाई मर्यादित रुपमा संचालन गरी दिगो ब्यवस्थापनमा जोड दिने ।

(छ) घ्याङस्वरा पर्यटकीय क्षेत्र तथा खेलमैदानलाई दीगो पर्यटन विकास गर्न, पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न, पर्यटन व्यवसायमा देखिने नकरात्मक प्रभावलाई न्यूनीकरण गर्दै  आवश्यकतानुसार कार्यमुलक अनुसन्धान गर्ने ।

(ज) घ्याङस्वरा पर्यटकीय क्षेत्र तथा खेलमैदानलाई पर्यटन व्यवसायको दीगो विकास एवं विस्तारका लागि आवश्यक सस्थाहरूको स्थापना र संस्थागत विकासमा सहयोग पुर्‍याउने ।

(झ) पर्यटकीय पुर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक तथा साँस्कृतिक श्रोत साधनको उपयोग गर्दा वातावरण सरंक्षण तर्फ उचित ध्यान दिदै स्रोत समाधानको दीगो व्यवस्थापनमा जोड दिने ।

(ट) वहु भाषी, वहु धार्मिक, वहु सांस्कृतिक सम्पदा, परम्परा र पहिचानलाई संरक्षण गरि पर्यटन प्रवर्धनको श्रोतको रुपमा विकास गर्ने ।

# परिच्छेद ३

## ४. घ्याङस्वाँरा शहीद  स्मारक पर्यटकीय पार्क तथा  खेलमैदान  सञ्चालन कार्यविधी ,समिति गठन र सरोकारवालाहरुको भुमिका

### घ्याङस्वाँरा शहीद  स्मारक पर्यटकीय पार्क तथा  खेलमैदान संचालन विधिः

घ्याङस्वाँरा पर्यटकीय  पार्क तथा खेलमैदान संचालन समितिले गरेको निर्णयअनुसार निम्न विधि मध्ये कुनै एक अबलम्बन गरि संचालन गरिने छ ।

क) निजी स्तरको कम्पनी वा सहकारी संस्थासंग ब्यक्ति सहकार्य/साझेदारी गरि करार संझौता गरेर ।

ख) प्रचलित नियमानुसार दर्ता भएको उद्यमी तथा ब्यक्तिगत फर्मसंग सहकार्य /साझेदारी गरि करार संझौता गरेर ।

ग) कार्यपालिकाको निर्णयद्वारा अवलम्वन हुने अन्य विधि ।

### ५. साझेदारीका लागि कम्पनी सहकारी उद्यमि छनौट प्रकृया :

साझेदार खुला प्रतिश्पर्धा गराई पारदर्शिताका आधारमा छनौट गरिने छ । माथि उल्लेख गरे बमोजिम अनुसुचि १ अनुसारको अध्ययन प्रतिवेदनमा सिफारिस भएमा साझेदार प्रकृया अगाडी बढाईने छ । यसका लागि  निम्न प्रक्रिया अपनाईने छ ।

क) अनुसुची २ अनुसारको सार्वजनीक सूचना प्रत्रिकामा प्रकाशन गरी इच्छुक कम्पनी वा सम्बन्धी निकायमा दर्ता भएको उद्यमी बाट प्रस्ताव आवह्नन गरिन्छ ।

ख) सूचना प्रकाशन भएपछि योग्यता पुगेका इच्छुक कम्पनी  सहकारी  उद्यमीले अनुसुची ३ अनुसारको फर्मटमा तयार गरिएको प्रस्तावना पत्र सार्वजनिक सूचना तोकिएको समय भित्र पेश गर्नुपर्ने छ ।

ग) पाप्त प्रस्तावहरुलाई अनुसुची ४ अनुसारको छनोटको आधारहरुको आधारमा आधारित  भई सूचनाको म्याद समाप्त भएको मितिले २ हप्ता भित्र मुल्याङन गरिने छ ।

घ) मुल्याङकनको आधारमा दफा ७ अनुसार गठन भएको घ्याङस्वरा पर्यटकीय  पार्क तथा खेलमैदान संचालन समिति ले छनौट कार्य गर्नेछ । यसरी छनौट भएको कम्पनी सहकारी उद्यमी सँग अनुसुची ५ अनुसारको  फर्मेटमा तयार गरी सम्झौता गरिने छ । कुनै एक कम्पनी  सहकारी उद्यमीहरुको मात्र प्रस्ताव प्राप्त हुन गएमा यस्तो प्रस्तावको मुल्याङकन  गरी उपयुक्त लागेमा सम्झौता गर्न वा पुन :सूचना प्रकाशन गरी प्रस्तावना माग गर्ने भन्ने बिषयमा घ्याङस्वरा पर्यटकीय  पार्क तथा खेलमैदान संचालन समितिको निर्णय अनुसार हुनेछ ।

६. घ्याङस्वाँरा शहीद **स्मारक पर्यटकीय पार्क तथा खेलमैदान** स्थापना /व्यवस्थापन समिति र प्रस्ताव पत्र छनौट समिति गठन प्रक्रिया

क) घ्याङस्वाँरा शहीद **स्मारक पर्यटकीय पार्क तथा खेलमैदान** व्यवस्थापनको लागि छुटै समिति गठन नभए सम्म पालिकाको अध्यक्षको अध्यक्षतामा निम्न अनुसारको घ्याङस्वरा पर्यटकीय पार्क स्थापना व्यवस्थापन समिति मार्फत पार्क तथा खेलमैदान संरक्षण प्रवर्द्दन र ब्यवस्थापन हुनेछ ।

**अध्यक्ष : पालिकाको अध्यक्ष**

सदस्य : पालिकाको उपाअध्यक्ष

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : गा.पा. अध्यक्षले तोकेको वडा अध्यक्ष

सदस्य :पर्यटन ब्यवसायी संघको अध्यक्ष वा निजले तोकेको पालिका स्तरीय को सदस्य,

सदस्य सचिव :पर्यटन पार्क तथा खेलमैदान हेर्न सम्बन्धित शाखाको शाखा प्रमुख,

ख) पालिकाको प्रमुख प्रशासकीय अघिकृतको अध्यक्षतामा निम्न अनुसारको प्रस्ताव पत्र छनौट समिति गठन हुने छ ।

अध्यक्ष : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : लेखा शाखा प्रमुख वा निजले तोकेको सम्बन्धित शाखाको प्रतिनीधि,

सदस्य : पर्यटन पार्क तथा खेलमैदान हेर्न शाखा प्रमुख

**७. घ्याङस्वाँरा शहीद स्मारक पर्यटकीय पार्क तथा खेलमैदान स्थापना तथा ब्यवस्थापन सम्बन्धी विभिन्न सरोकारवालाहरुको भुमिका :**

**घ्याङस्वाँरा शहीद स्मारक पर्यटकीय पार्क तथा खेलमैदान स्थापना तथा व्यवस्थापन समितिको भूमिका**

क) घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान स्थापना गर्ने क्रममा विभिन्न क्रियाकलापहरु सम्पन्न गर्ने पालिकाको घ्याङस्वरा पर्यटकीय पार्क हेर्ने महाशाखा शाखा इकाईका कर्मचारीहरुलाई आवश्यक सहयोग गर्ने ।

ख) पलिकाको घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान हेर्ने महाशाखा शाखा ईकाईको सहयोगमा साझेदारीको लागि उपयुक्त कम्पनी/ सहकारी/ उद्यमी छनौट गर्ने ।

ग) स्थापना भई संचालनमा आएको घ्याङस्वाँरा शहीद **स्मारक पर्यटकीय पार्क तथा खेलमैदान** को स्तरउन्नतीको लागि बजेट ब्यवस्थापनको गर्ने पहल गर्ने ।

घ) घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान सञ्चालन गरिरहेका साझेदार कम्पनी /सहकारी/ उद्यमीले बीचमा छाडेमा त्यसको पुन संचालनको लागि आवश्यक भूमिका निर्वाह गर्ने ।

**८. प्रमुख प्रशासकीय अधिकृतको भुमिका :**

क) घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान स्थापना तथा संचालनका लागि प्राप्त प्रस्तावना स्वीकृत वा अस्वीकृत गर्ने,

ख) पलिकाको सम्बन्धित शाखाका कर्मचारीलाई आवश्यकता अनुसार निर्देशन दिने,

ग) घ्याङस्वाँरा शहीद **स्मारक पर्यटकीय पार्क तथा खेलमैदान** अनुगमन गर्ने,

घ) घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान संचालन कम्पनी /सहकारी/उद्यमी सँग सम्झौता गर्ने

# परिच्छेद ४

## ९. बजारीकरण रणनीती :

स्थानीय उत्पादनहरुको बजार विस्तारका लागि यस पालिकाले विभिन्न रणनीतिहरु अबलम्बन गर्ने छ जुन रणनीतिहरु घ्याङस्वाँरा शहीद स्मारक पर्यटकीय पार्क तथा खेलमैदान सञ्चालकले अपनाउनु पर्ने छ ।

क) गुणस्तरिय उत्पादनमा जोडदिने,

ख) सुफत मुल्यमा धेरै सामाग्री बिक्री गर्ने,

यस पालिकाले नाफामूलक कम्पनि/सहकारी/उद्यमि सँग देहायअनुसार शर्तगत साझेदारी गर्न सक्ने छ ।

क) साझेदार गर्ने क्रममा यस पालिका बाट सचालकलाई आवश्यक पर्ने भौतिक सामाग्रीहरु जस्तै फर्निचरहरु, साईनवोर्ड, टेलिफोन लाईन जडान, स्थानिय बजारीकरण लाई आवश्यक पर्ने यातायातको साधन, विज्ञापन खर्च, ईन्टरनेटको व्यवस्था, कम्पुटरको व्यवस्था, सफ्टवयरको निर्माण, क्षमता विकास तालिम, घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान सजावट ईत्यादि सञ्चालक आफैले गर्नुपर्ने छ । भौतिक सामाग्रिहरु निश्चित वर्ष पछि सम्म यसै गाँउपालिकाको सम्पतिको रुपमा रहने छ ।

पालिकामा भएको बजेटको अवस्थामा ध्यान दिदै घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान स्थापना तथा संचालन समितिको निर्णय अनुसार उक्त घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान मा काम गर्ने बढिमा दुई जना कर्मचारिको पहिलो ६ महिनासम्म तलबको ५० प्रतिशत रकम अनुदानस्वरुप सहयोग गर्न सक्नेछ ।

ख) घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदानमा नियमित आउने उत्पादनहरुको स्तर सुदृढीकरण गर्न यस पालिकाले बजेटको व्यबस्था गरि सम्बन्धीत हेर्ने साखा/ईकाई बाट कार्यन्वयन गर्न सकिने छ ।

ग) **घ्याङस्वाँरा शहीद स्मारक पर्यटकीय पार्क तथा खेलमैदान** संञ्चालक र त्यसमा काम गर्न कर्मचारिको लागी आवश्यकताको आधारमा उद्यमशिलता र बजारीकरण सम्बन्धी तालिम हरुको व्यबस्था गर्न सकिने छ ।

घ) यस पालिकाको श्रोतबाट घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान स्थापना गर्दा यो कार्यविधि लागु हुने छ । तर अन्य कुनै निकाय जस्तै प्रदेश सरकार/मन्त्रालय, संघिय सरकार/मन्त्रालय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु संग साझेदारी गरि घ्याङस्वरा पर्यटकीय पार्क स्थापना गर्नु पर्दा यो कार्यविधि बाधक हुने छैन ।

ङ) यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा पालिकाको नियमअनुसार हुनेछ ।

## अनुसुची २ : सार्वजनिक सूचनाको नमुना

**(दफा ६ सँग  सम्बन्धीत )**

प्रथम प्रटक प्रकाशित मिति ....................

सूचना सूचना सूचना

यस पालिकाको वडा न ४ को घ्याङस्वाँरा शहीद  स्मारक पर्यटकीय पार्क तथा खेलमैदान स्थापना गरि संचालन गर्ने कार्यक्रम भएकाले यस पालिकाको साझेदारिमा घ्याङस्वरा पर्यटकीय पार्क स्थापना र संचालन गर्न ईच्छुक कम्पनि, सहकारी संस्था, र उद्यमिले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र आईपुग्ने गरि तपसिल बमोजिमको कागजात सहित निवेदनका साथ प्रस्तावना दर्ता गर्नु हुन आब्हान गरिन्छ ।

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम संचालनको आर्थिक तथा ब्यवस्थापकीय पक्ष |
|---|---|---|
| १ | घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान स्थापना तथा संचालन | • घ्याङस्वाँरा शहीद  स्मारक पर्यटकीय पार्क तथा खेलकुद मैदान स्थापनाका लागि आवश्यक भौतिक सामाग्रिको सम्पूर्ण खर्च सञ्चालकले ब्यवस्था गर्नु पर्ने  छ ।<br>• उद्यमिहरुको स्थानीय उत्पादनको गुणस्तर वृद्धि गर्न आवश्यक थप प्रविधि सहयोग गर्न, उत्पादनको बजारीकरण गर्न आवश्यकता क्षमता वृद्धि गर्ने काममा पालिकाले सहयोग गर्ने छ ।<br>• घ्याङस्वरा पर्यटकीय  पार्क संचालक र त्यसमा काम गर्ने कर्मचारिको लागि उद्यमशिलता र बजारीकरण सम्बन्धी तालिम पालिकाले निशुल्क उपलब्ध गराईने छ ।<br>• निश्चित समय सम्मकालागि घ्याङस्वरा पर्यटकीय पार्क को विज्ञापनको लागि आवश्यक सम्पूर्ण खर्च पालिकाले ब्यवस्था गर्ने छ ।<br>• ब्यवसाय संचालनको लागि आवश्यक चालुपुजि कम्पनि/सहकारी/उद्यमिले आफैले ब्यवस्था गर्नु पर्ने छ ।<br>• घ्याङस्वरा पर्यटकीय पार्कमा यस पालिका र जिल्लाका अन्य पालिकाहरुका उत्पादनहरु र उद्यमिलाई चाहिने कच्चा पदार्थका साथै बस्तुहरु मात्र विक्रि वितरण गर्नु पर्ने छ ।<br>• थप ब्यवस्थाका लागि घ्याङस्वरा पर्यटकीय  पार्क  स्थापना तथा संचालन कार्यविधि बमोजिम स्थापना भएको घ्याङस्वरा पर्यटकीय  पार्क  स्थापना तथा संचालन समितिको निर्णय अनुसार हुने छ । |

तपसिलः

१ः निवेदन

२ः अनुसुचि ३ को नमूना अनुसार प्रस्ताव पत्र ।

३ः उद्यमिको हकमा नेपालि नागरिकताको प्रमाण पत्र, सहकारिको हकमा विनियम / दर्ता प्रमाण पत्र र  कम्पनीको हकमा कम्पनिको आफनो स्विकृत विनियम ।

(-------------------)

प्रमख प्रशासकीय अधिकृत

## अनुसुचि ३ प्रस्तावना पत्रको ढाचाँ

(दफा ६ संग सम्बन्धित)

घ्याङस्वाँरा शहीद  स्मारक पर्यटकीय पार्क तथा खेलमैदान स्थापना तथा संचालनका लागि प्रस्तावना

१. प्रस्ताव पेश गर्ने प्रस्तावकको विवरण

- कम्पनि/सहकारी/उद्यमिको पुरा नामः
- ठेगानाः
- फोन नं.:
- ईमेलः
- प्रदेशः
- जिल्लाः
- पालिकाः

२. कम्पनि/सहकारी/उद्यमिका उद्देश्यहरुः

३. घ्याङस्वरा पर्यटकीय  पार्क तथा खेलमैदान संचालन एंव व्यवस्थापना गर्नुका उद्देश्यहरुः

४: घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान स्थापना गर्ने स्थानको पुरा ठेगाना :

५. घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान संचालनको लागि लगानी गर्ने चालु पुँजीको अवस्था र श्रोत :

(कति लगानी गर्ने योजना छ  यसको श्रोत स्पष्ट खुलाउने)

६. घ्याङस्वरा पर्यटकीय  पार्क तथा खेलमैदान संचालनका ब्यवसायी योजनाको अवस्था बारे  छोटो ब्याख्या :

(ब्यवसायीक योजना तगार गरि पेस गर्ने )

७. कम्पनी/सहकारी/उद्यमीको उद्यम सञ्चालन सम्बन्धी अनुभव :

( कति बर्षको अनुवभ छ  बिस्तृत  विवरण दिने  अनुभव खुल्ने  कागजात यसै प्रस्तावनामा सँग संलग्न गर्ने ।)

८.घ्याङस्वरा पर्यटकीय  पार्कमा बिक्री वितरण गरिने प्रस्तावित उत्पादन/बस्तुहरुको विवरण

(स्थानिय उत्पादन वाहय उत्पादन र उद्यमिको लागि विक्रि गरिने कच्चा पदार्थ र प्रविधिहरुको विवरण खुलाउने)

९. स्थानीय उत्पादनको बजारीकरणका लागि अपनाईने रणनितिहरु (तरिकाहरु) :

(बुदागतरुपमा स्पष्ट पार्ने)

१०. घ्याङस्वरा पर्यटकीय  पार्क स्थापना तथा संचालनका लागि पालिका सग अपेक्षा गरिएको सहयोगः

(भौतिक साम्रागी ,अनुदान रकम , क्षमता विकास सम्बन्धी सहयोग  र अनुमानित बजेट खुलाउने )

११. यस प्रस्तावना पत्र संग संम्लग्न गरिएका अन्य कागजातहरुको विवरफँ

| क स | कागजातको विवरण | छ ( ✔ चिन्ह लगाउने) | छैन(✔ चिन्ह लगाउने) |
|---|---|---|---|
| १ | चालुपूजी कति लगानि गर्ने भनि त्यसको श्रोत खुलेको कुनै कागजात । | | |
| २ | घ्याङस्वरा पर्यटकीय  पार्क  को ब्यवसायिक योजना । | | |
| ३ | कम्पनि/सहकारी/उद्यमिको व्यबसाय वा उद्यम संचालन सम्बन्धि अनुभव खुलेको कागजात | | |
| ४ | कम्पनि/सहकारी/उद्यमिको दर्ताको अवस्था खुलेको कागजात | | |
| ५ | प्रस्तावना पत्र पेश गर्ने कम्पनि/सहकारी/उद्यमिको विनियम/विधान | | |
| प्रस्ताव पेश गर्ने | | संस्थाको छाप | |

## अनुसूची -५ संझौताको नमुनाः

## (दफा ६ सँग सम्बन्धित)

घ्याङस्वाँरा शहीद  स्मारक पर्यटकीय पार्क तथा खेलकुद मैदान **तथा संचालन सम्बन्धि भएको दुई पक्षीय सम्झौताको ढाँचा**

यस गाउँपालिका र घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान (यसपछि पहिलोपक्ष भनिएको) संचालक कम्पनि/सहकारि/उद्यमि (यस पछि दोस्रो पक्ष भनिएको) बीच यसै पालिकामा रहेको पर्यटकीय सम्पदाहरुको विकास, विस्तार, संरक्षण, प्रवर्धन गरी सामाजिक, सांस्कृतिक, आर्थिक, संस्थागत, वातावरणीय, सूचना प्रविधि सहितको दिगो पर्यटकीय विकास गर्न उद्देश्यले घ्याङस्वरा पर्यटकीय  पार्क तथा खेलमैदान स्थापना गरि दिगो व्यवस्थापन गर्ने सन्दर्भमा दुबै पक्षले तपसिल बमोजिका सर्तहरू पालना गर्ने गरि यो संझौता सम्पन्न भयको छ ।

(क) पहिलो पक्षले घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान व्यवस्थापनका लागि दफा ६ बमोजिम समितिले निर्णय गरी दोस्रो पक्षसँग शर्त सहित उपलब्ध गराउने छ । उक्त सम्पूर्ण भौतिक सामाग्रिहरु यो संझौता भयको मितिले २५ (पच्चिस) बर्ष पछि यसै पालिकाको सम्पति हुने छ ।

(ख) आवश्यकता अनुसार पहिलो पक्षले दास्रो पक्षलाई पर्यटकमा उत्पादित वस्तुहरुको गुणस्तर वृद्धि आवश्यक थप ज्ञान सीप प्रविधि उपलब्ध गराउन सक्ने छ ।

(ग) पहिलो पक्षले घ्याङस्वरा पर्यटकीय  पार्कको स्तर उन्नतिका लागि नियमित वजेट विनियोजन गर्न सक्नेछ ।

(घ) दोस्रो पक्षले पार्क र खेलमैदान संरक्षण, व्यवस्थापनका लागि सम्पुर्ण चालु पुँजी संचालन आफैले ब्यवस्था गर्नु पर्ने छ ।

(ङ) दोस्रो पक्षले आम्दानी खर्च सहितको त्रैमासिक प्रतिवेदन पालिकाको घ्याङस्वरा पर्यटकीय  पाक तथा खेलमैदान शाखा/ईकाइमा पेस गर्नु पर्ने छ ।

(च) दोस्रो पक्षले नियमित सामाग्रि आपूर्ति गर्ने उद्यमिसंग लिखित संझौता गरेको हुनु पर्ने ।

(छ) दोस्रो पक्षले स्थानीय उत्पादित बस्तु विक्रि वितरण र उद्यमिलाई विक्रि गरिने कच्चा पदार्थ वा उपकरणमा (१०%) प्रतिशत सम्म मुनाफा राखि कारोवार गर्न सकिने छ ।

(ज) घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान संचालन सम्बन्धी कुनै विषयमा छलफल गर्नु परेमा पार्क हेर्ने शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत सँग सम्पर्क गर्नु पर्ने छ ।

(झ) घ्याङस्वरा पर्यटकीय  पार्क चौविसै घण्टा खुला राख्नु पर्ने छ ।

**हाम्रो दुबै पक्ष माथिका सबै बुदामा सहमत भई हस्ताक्षर गरिएको छ।**

| | |
|---|---|
| घ्याङस्वरा पर्यटकीय पार्क तथा खेलमैदान संचालकको तर्फ बाट<br><br>________________<br>(                    )<br>संचालक<br>मितिः.../.../... | पलिकाको तर्फबाट<br><br>________________<br>(                    )<br>प्रमुख प्रशासकीय अधिकृत<br>... .... .... ..... ....<br>मितिः .../....../...... |

साक्षीहरु :

| | |
|---|---|
| **<u>सम्बन्धित शाखा</u>**<br>नामः ... .... ..... ... ... .... .... ....<br>पदः .... .... ....... .. ... ...... ....... .<br>दस्तखतः.... .... .... ..... .... ....<br>मितिः ...../....../.... | **<u>लेखा शाखा</u>**<br>नामः ... .... ..... ... ... .... .... ....<br>पदः .... .... ....... .. ... ...... ....... .<br>दस्तखतः.... .... .... ..... .... ....<br>मितिः ...../....../.... |

**आज्ञाले**

**राममणि काफ्ले**

**प्रमुख प्रशासकीय अधिकृत**